नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
नेपाल इन्टरमोडल यातायात विकास समिति
चोभार, कीर्तिपुर- ६, काठमाडौं

# खडा रुख लिलाम बढाबढ माध्यमद्वारा बिक्री सम्बन्धी बिस्तृत सूचना

गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२५ गते

गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/१९ गते

यस नेपाल इन्टरमोडल यातायात विकास समिति कीर्तिपुर-६ चोभार अन्तर्गत वीरगञ्ज सुक्खा बन्दरगाह कार्यालय परिसरको कित्ता नं. ७७ मा रहेका तपसिलमा उल्लेखित सुक्खा, खडा, हरियो खडा रुखहरु लिलाम बढाबढ माध्यमद्वारा बिक्री गर्नका लागि दोस्रो पटक मिति २०८३/०३/१९ गतेमा गोरखापत्र राष्ट्रिय दैनिकमा यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित सूचना अनुसार खरिद गर्न इच्छुक, प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता भएको गोलिया काठ चिरान गर्ने स:मिल, काठ/दाउरालाई कच्चा पद्धार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएकोहरुलाई शिलबन्दी बोलपत्र आव्हानको लागि यो बिस्तृत सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. गोरखापत्र दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले १८ औं दिन मिति २०८३/०४/०४ गते सम्म बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रु.१०००/- निम्न खातामा बुझाई बैंक भौचर सहित निवेदन दिई नेपाल इन्टरमोडल यातायात विकास समिति कीर्तिपुर -६ चोभार बाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
Name of the Bank: Agricultural Development Bank Ltd., Maitidevi, Kathmandu.
Name of the Office: Nepal Intermodal Transport Development Board.
Account no: 0211300144668014

२. खरिद गरेको बोलपत्र रितपूर्वक भरी मिति २०८३/०४/०५ गते दिउँसो १२:०० बजे भित्र बोलपत्र नेपाल इन्टरमोडल यातायात विकास समिति कीर्तिपुर -६ ,चोभारमा कार्यलायमा दर्ता गरी सक्नु पर्नेछ । तोकिएको म्याद भित्र दर्ता भएका शिलबन्दी बोलपत्रहरु नेपाल इन्टरमोडल यातायात विकास समिति कीर्तिपुर -६, चोभारमा मिति २०८३/०४/०५ गते दिउँसो १:०० साक्षीहरुको रोहवरमा नियमानुसार खोलिनेछ ।

३. बोलपत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी बापतको रकम निम्न खातामा बुझाई सक्कलै बैंक भौचर वा "क" वर्गको बैंकको यस नेपाल इन्टरमोडल यातायात विकास समितिको नाममा जारी गरेको कम्तिमा ६ महिना म्याद भएको शर्त रहित सक्कलै बैंक ग्यारेन्टी अनिवार्य रुपमा पेश गनु पर्नेछ ।
Account Name: Nepal Intermodal Transport Development Board
Bank Name: Agricultural Development Bank Ltd
Bank Address: Ramshahpath, Kathmandu
Account Number:0100200144668037

४. धरौटी स्वरुप नगद, चेक वा ड्राफ्टबाट पेश भएको धरौटीलाई मान्यता दिईने छैन ।

५. बोलपत्र खरिदकर्ताले कार्यालयबाट प्रमाणित भएको बोलपत्र मात्र खरिद गर्नु पर्नेछ ।

Ministry of Industry, Commerce & Supplies
Government of Nepal
Nepal Intermodal Transport Development Board
2054

६. प्रत्येक प्रजातीको सि.नं. र रुख संख्या अनुसारको बोलपत्र राखिएकोमा सोही अनुसार बोलपत्र फारम भरी देहायका कागजात सहित शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

क. व्यवसाय इजाजत प्राप्त फर्म कम्पनीको दर्ता प्रमाण पत्र

ख. स्थायीलेखा (पान)/ मु.अ. कर प्रमाणपत्र,

ग. आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र

घ. नेपाली नागरिकताको प्रतिलिपी ,

ङ. वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत गरेको प्रमाणपत्र (नवीकरण समेत भएको) ।

७. शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गरी बिक्रिभएका रुख जे जस्तो अवस्थामा छ, सोही अवस्थाबाट नियमानुसार कटान गरी उठाई लैजानु पर्नेछ ।

८. मु.अ.कर तथा अन्य नियमानुसार लाग्ने कर महशुल सकारकर्ताले बुझाउनुपर्ने छ ।

९. शर्त राखि वा म्याद नाघी वा अन्य तरिकाले रित नपुगी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही हुनै छैन ।

१०. सकार रकमलाई अंक र अक्षरमा प्रष्ट लेख्नु पर्दछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

११. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट क्रमशः बोलपत्र बिक्री, दाखिला र खोल्ने कार्य हुनेछ ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिमा सुरक्षित रहनेछ ।

१३. बोलपत्र सम्बन्धी कुनै प्रकारको विवाद उत्पन्न भएमा यस समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार गरेको मूल्य रकम, नियमानुसार लाग्ने कटान मुछान खर्च, मु.अ. कर लगायत बुझाउनुपर्ने सबै रकम बुझाइ काठ/दाउरा उठाइ लैजानु पर्नेछ ।

१५. रुखको अवस्था हेर्न नेपाल इन्टरमोडल यातायात विकास समितिको वीरगंज कार्यालयमा सम्पर्क गरी हेर्न सकिने छ तथा अन्य जानकारीको लागि यस कार्यालयमा फोन नम्बर ०१ -४३३२८९६ मा सम्पर्क गर्नुहुन , वा समितिको website: www.nitdb.gov.np मा समेत हेर्न सकिनेछ ।

१६. अन्य कुराको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

<u>तपसिल</u>

| सि.नं. | प्रजाती | ग्रेड | रुख थान | परिमाण (धन फिट) | कायम न्यनतम मूल्य (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|---|
| १. | सिसौ | ए | १२ | ३८३.९० | २,६८,७३०.०० |
| | | बी | ५१ | ५७३.३९ | २,८६,६९५.०० |
| २. | सिरिस | बी | ६४ | ४५७.७८ | ९१,५५६.०० |
| ३. | आँप | सी | १ | १.५१ | ३०२.०० |
| ४. | अन्य | बी | ४४ | ३७३.४४ | ३७,३४४.०० |
| | | जम्मा | १७२ | १७९०.०२ | ६,८४,६२७.०० |

Government of Nepal
Ministry of Industry, Commerce & Supplies
Nepal Intermodal Transport Development Board
2054